# परीक्षा नियन्त्रण कार्यालय सानोठिमीद्वारा आयोजित
# सञ्चारकर्मीहरुसंगको अन्तरक्रिया तथा छलफल कार्यक्रम
## २०६८ चैत ५

आदारणीय सञ्चारकर्मी बन्धुहरु

यस वर्षको एस.एल.सी. परीक्षाको तयारी कार्यका सम्बन्धमा जानकारी गराउनका लागि आयोजीत यो कार्यक्रममा यहाँहरुको यो उपस्थिति प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । हामीलाई थाहा छ याहाँहरुबाट आगामी २०६८ चैत ७ गतेबाट सञ्चालन हुन गइरहेको परीक्षाका सम्बन्धमा महत्वपूर्ण समाचार तथा जानकारीहरु संप्रेषण भइरहेका छन् । यस्तो महत्वपूर्ण सहयोगकालागि पून: एकपटक सञ्चार माध्यमलाई धन्यबाद दिन चाहन्छु ।

हामीले परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्न धेरै प्रयासहरु गर्दै आएका छौ । यस कार्यमा सरोकारवालाहरु सबैको ठूलो सद्भाव र सहयोग रहँदारहँदै पनि कतिपय स्थानहरूमा अपेक्षित रूपमा मर्यादा कायम हुन नसकेका गुनासाहरु यदाकदा आउने गरेका छन् । यस्ता गुनासाहरूलाई समयमा नै ध्यान दिई हाम्रौ परीक्षा पद्दति र उत्पादित जनशक्ति माथि शंका उत्पन्न हुनजाने अवस्थालाई समाधान गर्नु हामी सबै सचेत वर्गको कर्तव्य एवं दायित्व भएकोले एस.एल.सी. परीक्षा हाम्रो इज्जत र प्रतिष्ठाको विषय बन्न पुगेको छ । अतः यस परीक्षाको गुणस्तर कमजोर हुन नदिन हामी सबै आ-आफ्नो क्षेत्रबाट लाग्न जरुरी भइसकेको छ । अत: यस परीक्षालाई व्यवस्थित, मर्यादित र अनुशासित रूपमा सञ्चालन गर्नु हामी सबै सरोकारवालाहरुको दायित्व बन्न पुगेको छ ।

**सरोकारवाला सबैमा परीक्षा नियन्त्रण कार्यालयको अनुरोध :**

- जिल्लामा सक्रिय शिक्षकहरूका पेसागत संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थीका संघ-संस्था, राजनीतिक दल बुद्धिजीवि, व्यापारी र पत्रकारसमेतका प्रतिनिधि तथा प्रशासन एवं सुरक्षा निकायको संयुक्त बैठक बसी परीक्षालाई मर्यादित र अनुशासित बनाउने सम्बन्धमा छलफल गरी जिल्ला स्तरमा आचार संहिता निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्न सबैको प्रतिबद्धता जाहेर गर्ने ।

- परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन प्रत्येक केन्द्रमा केन्द्र विद्यालयका विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूको भेलाबाट सबै वर्ग क्षेत्र र तहको प्रतिनिधित्व हुने गरी सर्व पक्षीय परीक्षा सहयोग समिति गठन गरी परीक्षा केन्द्र स्तरमा आचार संहिता निर्माण गर्ने र परीक्षा सञ्चालनमा खटिने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सुरक्षाकर्मी लगायत सबैले आचार संहिताको पूर्ण पालना गर्ने-गराउने ।

- परीक्षा सहयोग समितिले परीक्षा केन्द्रको तोकिएको क्षेत्रभित्र भिडभाड हुन नदिने र परीक्षामा सम्बन्धित बाहेक अरूलाई प्रवेशमा रोक लगाउने व्यवस्था मिलाउने ।

- केन्द्र तथा जिल्लास्तरबाट नियमित अनुगमनको व्यवस्था गरिने र अनुगमनको क्रममा परीक्षाको मर्यादा-विपरीत कार्य गर्ने वा गर्न उक्साउने जो-कोहीलाई शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुनअनुसार कडा कारबाही गरिने । यस्तो कार्य गर्ने परीक्षा केन्द्र वा परीक्षार्थीको परीक्षा समेत रद्द गर्न सकिने । स्थानीय सरोकारवालाहरुको पेसागत संघ-संगठनहरूले समेत यसमा आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने ।

- केन्द्रीय निकायमा रहेका सबै सरोकारवाला संस्थाहरूले परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित बनाउने सम्बन्धमा विभिन्न बुँदामा गत वर्ष जनाइएको प्रतिबद्धता कायमै राखी आवश्यक सहयोग पुऱ्याउने र त्यसका लागि मातहतलाई समेत निर्देशन दिने ।

- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिको सिफारिसमा जिल्लाका सबै परीक्षाकेन्द्रहरुको मूल्याङ्कन गरी अनुशासित, मर्यादित र व्यवस्थित रुपमा परीक्षा सञ्चालन गर्ने उत्कृष्ट केन्द्रलाई पुरस्कृत गर्ने र मर्यादित रूपमा परीक्षा सञ्चालन गर्न नसक्ने केन्द्रमा अर्को वर्ष केन्द्र हटाउन सक्ने व्यवस्था भएको हुँदा परीक्षाकेन्द्रमा अनुशासित, मर्यादित र व्यवस्थित रूपमा परीक्षा सञ्चालन गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने ।

- विद्यालयमा कार्यरत शिक्षकहरु परीक्षामा अनियमित कार्य गर्न संलग्न भएमा त्यस्ता व्यक्तिहरूको सूची तयार गरी आगामी दिनका कामहरू र जिम्मेवारी दिँदा त्यसलाई आधार बनाई कार्यान्वयन गर्ने ।

अन्तमा, एसएलसी परीक्षा २०६८ लाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्ने कार्यमा आदरणीय सरोकारवालाहरु समस्त राजनीतिक दल, शिक्षकका पेसागत संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, अभिभावक, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मीलगायतका परीक्षा सञ्चालनमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न सबै सरोकारवालाहरुबाट आ-आफ्नो क्षेत्रमा सक्दो सहयोग पुऱ्याउनका लागि परीक्षा नियन्त्रण कार्यालय हार्दिक अनुरोध गर्दछ । आशा एवं विश्वास छ, सबैबाट सदाझैं यस वर्ष पनि आ आफ्ना क्षेत्रबाट राष्ट्रिय कार्यक्रममा सक्दो सहयोग पुऱ्याइ हाम्रा कर्णधारहरु प्रतिको दायित्व पूरा गर्नमा सक्रियता रहने छ । परीक्षा सम्बन्धी तयारी तथा अन्य आवश्यक जानकारी परीक्षा नियन्त्रण कार्यालयबाट लिन सकिने व्यहोरा समेत जानकारी गराउँदछु ।

धन्यवाद ।

**डिल्लीराम रिमाल**
**नियन्त्रक**
**परीक्षा नियन्त्रण कार्यालय**
**सानोठिमी भक्तपुर**

## परीक्षा नियन्त्रण कार्यालयले परीक्षा तयारी सम्बन्धी गरेका कार्यहरू :

१. परीक्षाको लागि आवश्यक प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका परीक्षा सामग्री सम्बन्धित जिल्लामा पुऱ्याइसकिएको छ ।

२. परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्ने सन्दर्भमा केन्द्र तहमा शिक्षा मन्त्रीको अध्यक्ष्यतामा गृह, रक्षा र शिक्षा मन्त्रालयका उच्च पदस्थ कर्मचारी सहितको सुरक्षा अंगका ४ वटै निकायहरुको संयुक्त बैठकबाट आ-आफ्ना क्षेत्रका निकायहरुलाई अधिकतम परिचालनका लागि निर्देशन दिने निर्णय गरिएको छ । यसैगरी जिल्ला शिक्षा कार्यालयहरुलाई समन्वय तथा कार्यान्वयन गर्नुपर्ने विषयवस्तु बारे आवश्यक निर्देशन दिइसकिएको र सुरक्षा व्यवस्थापन सम्बन्धमा समेत आवश्यक व्यवस्था भइसकेको छ ।

३. शिक्षा मन्त्रालय मार्फत् क्षेत्रीय शिक्षा निर्देशक र सह सचिवको नेतृत्वको टोलीले र जिल्लामा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समन्वय समितिका पदाधिकारीहरुले परीक्षा सञ्चालन अवधिमा अमर्यादित कार्य गर्ने वा गर्न उक्साउने जो-कोहीलाई स्थलगत रूपमै कारबाही गर्न सक्ने गरी अनुगमन कार्यको व्यवस्था मिलाइएको छ ।

४. परीक्षा सञ्चालन, व्यवस्थापन र उत्तरपुस्तिका परीक्षण कार्यमा सजगता अपनाउन र त्रुटिरहित नतिजा प्रकाशन गर्न परीक्षामा संलग्न क्षेत्र र जिल्लाका कर्मचारीहरूको दुईदिने अभिमुखीकरण गर्ने कार्य सम्पन्न भइसकेको छ ।

५. २०६८ सालको परीक्षाको लागि रजिष्ट्रेसन/आवेदन फाराम भर्दा कतिपय परीक्षार्थीहरूले एकभन्दा बढी विद्यालय/जिल्लाबाट फाराम भरेको पाइएकोले त्यस्ता परीक्षार्थीहरुको सम्बन्धमा आवश्यक छानबिन गरी वास्तबिक विद्यार्थीलाई मर्का नपरोस भन्नकालागि जिल्ला स्तरमा आबश्यक छानविन गरी परीक्षा दिने व्यबस्था हुनकालागि जिल्ला शिक्षा कार्यालयलाइ निर्देशन दिईएको छ । केन्द्र तहमा क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलका निर्देशकको संयोजकत्वमा गठीत ३ सदस्यीय छानबिन समितिले आफ्नो प्रतिवेदन बोर्ड समक्ष बुझाइसेकेको छ ।

६. जिल्ला स्तरमा केन्द्राध्यक्षको छनौट तथा परीक्षा संचालन सम्बन्धी प्रबोधकिरण कार्य संपन्न भईसकेको छ ।

७. परीक्षा नियन्त्रण कार्यालयले परीक्षाका लागि गर्नुपर्ने आन्तरिक तयारी कार्यहरु सम्पन्न गरिसकेको छ ।

## तथ्य तथा तथ्याङ्क

१. यस वर्षको एसएलसी परीक्षामा सम्मिलित हुने नियमित समूहमा ( छात्र २,२९,७५१ र छात्रा २,१६,२३३) ४,४६,१६६ र एक्जाम्टेड समूहमा (छात्र ३६,३४१ छात्रा ४५,९४२ ) ८२,०९१ गरी कुल ५,२८,२५७ परीक्षार्थीहरुका लागि १७४८ परीक्षा केन्द्र कायम गरिएको र उक्त कार्यमा सुरक्षाकर्मी सहित जम्मा ५६,००० जनशक्ति परिचालित हुनेछन् ।

### विद्यार्थी विवरण २०६८

| क्र.सं. | क्षेत्र | जिल्ला | नियमित | एक्जेम्टेड | जम्मा | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १६ | ९९,१०८ | २४,१७९ | १,२३,२८७ | ४२२ |
| २ | मध्यमाञ्चल | १९ | १,४८,४७१ | १३,९११ | १,६२,३८२ | ५०९ |
| ३ | पश्चिमाञ्चल | १६ | ८८,७५५ | १४,६७२ | १,०३,४२७ | ३७३ |
| ४ | मध्यपश्चिमाञ्चल | १४ | ६१,४९१ | १८,६९१ | ८०,१८२ | २६९ |
| ५ | सुदूरपश्चिमाञ्चल | ०९ | ४८,१४९ | १०,८३० | ५८,९७९ | १७५ |
| | जम्मा | ७५ | ४,४५,९७४ | ८२,२८३ | ५,२८,२५७ | १,७४८ |